# पालुङटार नगरपालिकाको १५ औं नगर सभामा
# नगर प्रमुख श्री विवस चिन्तनद्वारा प्रस्तावित
# आर्थिक वर्ष २०८१/०८२ को
# नीति तथा कार्यक्रम

## पालुङटार नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय, ठाँटीपोखरी, गोरखा
## गण्डकी प्रदेश, नेपाल ।
## विक्रम संवत्  २०८१ साल असार ३

**पालुङटार नगरपालिका उपप्रमुख ज्यु,**

**प्रमुख प्रशासकीय अधिकृत ज्यु,**

**नगर कार्यपालिकाका सदस्य ज्युहरु,**

**सम्पूर्ण नगरसभा सदस्यज्यूहरु,**

**विषयगत शाखाका प्रमुख लगायत सम्पूर्ण कर्मचारीज्युहरु,**

**नागरिक समाज, पत्रकार, सुरक्षाकर्मी एवम् यस गरिमामय सभामा उपस्थित सम्पूर्ण महानुभावहरु,**

१. संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन स्थापनापछिको ऐतिहासिक १५ औं नगरसभा विधिवत् रुपमा शुरुवात भएको छ । नेपालको ऐतिहासिक, राजनीतिक, सामाजिक, सांस्कृतिक र पर्यटकीय दृष्टिले महत्वपूर्ण गोरखा जिल्ला पालुङटार नगरपालिकाको गरिमामय यस सभामा उपस्थित सम्पूर्ण महानुभावहरुलाई हार्दिक स्वागत तथा अभिवादन व्यक्त गर्न चाहन्छु ।

२. स्थानीय नागरिकको विकासको चाहना, अघिल्लो आर्थिक बर्षका अधुरा कार्यक्रमहरु, विज्ञ तथा सरोकारवालाहरुले दिएको सुझाव, निर्वाचित जनप्रतिनिधिहरुद्वारा मुखरीत जनभावनाहरुलाई आत्मसात गर्दै समग्र नगरपालिकाको नीतिगत मार्गनिर्देशन गर्ने यस नगरसभामा आ.व. २०८१/०८२ का लागि प्रस्तावित नीति तथा कार्यक्रम यस गरिमामय सभा समक्ष प्रस्तुत गर्दछु ।

३. यस महत्वपूर्ण अवसरमा नेपालको सार्वभौम सत्ता, स्वाधिनता, भौगोलिक अखण्डता, संघीय लोकतान्त्रिक गणतन्त्र बाहली, राज्यको आमुल परिवर्तनका लागि २००७ सालको प्रजातान्त्रिक आन्दोलन, २०४६ सालको जनआन्दोलन, नेपाल कम्युनिष्ट पार्टी माओवादीको नेतृत्वमा सञ्चालित युगान्तकारी महान जनयुद्ध, जनयुद्धको

जगमा भएको २०६२/६३को जनआन्दोलन तथा अन्य विभिन्न लोकतान्त्रिक संघर्षको क्रममा गौरवपूर्ण सहादत प्राप्त गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरुप्रति उच्च सम्मान सहित भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । साथै सम्पूर्ण घाइते, वेपत्ता तथा सहिद परिवारहरुप्रति उच्च सम्मान प्रकट गर्दछु । मुलुकको राजनैतिक तथा सामाजिक परिवर्तनमा नेतृत्वदायि भूमिका निर्वाह गर्ने सवै अग्रजहरुप्रति आदारभाव तथा स्मरण गर्दछु ।

४. नेपाली राजनीतिको विभिन्न कालखण्डका गौरवपूर्ण संघर्षवाट प्राप्त उपलब्धिको रक्षा, वर्तमान संघीय लोकतान्त्रिक गणतन्त्र र समाजवाद उन्मुख समावेशी लोकतन्त्रको विकास गर्न र अन्ततः नेपालको संबिधान २०७२ ले निर्दिष्ट गरे अनुरुपको समाजवाद स्थापना गर्ने दिशामा अघि बढ्ने आधार तयार पार्न पालुङटार नगरपालिकाको **"समाजवादको आधार निर्माणको अभियान, सुन्दर र समृद्ध पालुङटार हाम्रो शान"** भन्ने मूल नारा अनुरुप आफ्ना सम्पूर्ण नीति तथा कार्यक्रमहरु अगाडि बढाउने प्रतिबद्धता व्यक्त गर्न चाहन्छु ।

५. पालुङटार नगरपालिकाको स्थानीय सरकारलाई लोकतन्त्रको रक्षा गर्ने एक दरिलो खम्बाको रुपमा लिंदै सामाजिक न्याय सहितको समृद्ध र समतामूलक नगर निर्माण गर्न हाम्रो सम्पूर्ण स्रोत साधन तथा जनशक्ति यस नगरको समग्र सामाजिक, आर्थिक एवं साँस्कृतिक रुपान्तरणका पक्षमा खर्च गर्दै पूर्णरुपमा जनताको दैनिक जीवनमा परिवर्तन गर्ने संकल्प सहित सोही अनुरुपको नीति, योजना, कार्यक्रम र बजेट तयार गर्ने तथा त्यसको कार्यान्वयन गर्ने व्यवस्था मिलाउने प्रतिबद्धता व्यक्त गर्न चाहन्छु ।

## नगरसभा सदस्य ज्यूहरु,

६. निर्वाचन हुँदाका बखत हामी निर्वाचित जनप्रतिनिधिहरुले पालुङटार नगरपालिकाको समग्र विकासका लागि पालुङटारवासीहरुसँग गरेका प्रतिबद्धताहरुलाई ब्यवहारिक कार्यान्वयन गर्न हामीसँग उपलब्ध श्रोत साधन र जनशक्ति व्यवस्थापनका अफ्ठयाराहरुलाई चिर्दै जनतासामु गरेका बाचालाई पूरा गर्न प्रतिबद्ध रहेको कुरा मनन गर्दै जनमुखी कार्यक्रम तथा योजनाहरु अगाडि बढाउने सवालमा सम्पूर्ण पालुङटारवासीहरुको पनि उत्तिकै साथ सहयोग हुनेमा विश्वस्त छु । हामीहरु योजनावद्ध र प्राथमिकताका आधारमा विकास निर्माणका कामहरु हुनुपर्छ भन्ने कुरामा दृढ छौं । हामी जनताका निर्वाचित प्रतिनिधिहरु **"मालिक होइन, जनताको असल सेवक हौ"** भन्ने मान्यतालाई शिरोधार्य गरी कार्य गर्नेछौ र त्यसवाट कहिल्यै बिचलित हुने छैनौं ।

७. यो नीति तथा कार्यक्रम तयार पार्दा प्रत्यक्ष एवम् परोक्ष रुपमा सहयोग गर्नुहुने सम्वद्ध सम्पूर्ण निकायहरुप्रति म कृतज्ञ छु । साथै यस नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन गरी समाजवादी अर्थतन्त्रको आधार तयार पार्न समेत सहयोग प्राप्त हुनेछ भन्नेमा म पूर्ण आशावादी छु ।

**नगरसभा सदस्य ज्यूहरु,**

अब म पालुङटार नगरपालिकाको विद्यमान राजनीतिक, आर्थिक, सामाजिक र प्रशासनिक परिवेश यहाँहरु समक्ष पेश गर्न चाहन्छु ।

८. संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना पछिको मिति २०७९ बैशाख ३१ गते सम्पन्न दोस्रो स्थानीय तह निर्वाचनबाट निर्वाचित नगर प्रमुखको हैसियतले तेस्रो पटक यो नीति तथा कार्यक्रम पेस गरिरहेको छु । यतिबेला नेपाली जनताले लामो समयसम्म गरेको बलिदानिपूर्ण संघर्षबाट प्राप्त उपलब्धिहरुको रक्षा र थप विकास गर्दै समाजवादको आधार तयार पार्नुपर्ने अवस्था छ भने अर्कोतर्फ प्राप्त उपलब्धिहरु समेत गुम्न सक्ने चुनौतिहरु पनि हाम्रो सामु खडा भएको छ । विश्व परिवेशमा शक्ति राष्ट्रहरुबीच बढ्दै गएको शक्ति संघर्ष र आन्तरिक रुपमा राजनैतिक व्यवस्था प्रति बढ्दै गएको जनताको वितृष्णाले राष्ट्रिय राजनीति नयाँ मोड तर्फ अगाडि बढिरहेको छ । यस बिषम परिस्थितिमा लोकतन्त्र स्थापनाका लागि संघर्ष गरेका राजनीतिक दलहरुबीच दरिलो एकताको आवश्यकता महशुस हुँदै गएको छ । त्यसका लागि नगरपालिकाभित्र क्रियाशिल लोकतान्त्रिक आन्दोलनका सहयात्री राजनीतिक दलहरुलाई संघीय लोकतान्त्रिक गणतन्त्रको रक्षा र विकासका लागि सहकार्य गर्न म हार्दिक अपिल गर्दछु ।

**नगरसभा सदस्य ज्यूहरु,**

९. कोभिड-१९ ले सिर्जना गरेको बिषम परिवेश, रुस- युक्रेन युद्ध आदि विविध कारणले विश्वव्यापी रुपमा आर्थिक गतिविधिहरुमा मन्दी आएको तितो वास्तविकता हामी समक्ष विद्यमान छ । यसको प्रत्यक्ष एवम् परोक्ष प्रभाव हामीमा पनि परेकै छ । यसको प्रभाव स्वरुप संघ र प्रदेशबाट हामीलाई प्राप्त हुँदै आएको समानिकरण अनुदान, राजश्व बाँडफाँड, शसर्त अनुदान लगाएतका बजेटमा पनि

भारी मात्रामा कटौति भएको छ । यसका साथै पालिकाको आन्तरिक स्रोतमा समेत अपेक्षाकृत वृद्धि हुन सकेको छैन । यति हुँदा हुँदैपनि हामी समक्ष विद्यमान स्रोत र साधनहरुको उच्चतम प्रयोग गरी सम्वृद्ध पालुङटार निर्माणको अभियानमा निरन्तर अगाडि बढ्न हामी दृढ संकल्पित छौं । कृषिमा आधारित ग्रामिण अर्थतन्त्रको विकास गरी स्वरोजगारको माध्यमद्वारा सम्वृद्ध पालुङटार निर्माण गर्ने यस योजनामा सरोकारवाला सबै पक्षको सकारात्मक सहयोगको अपेक्षा समेत गरेको छु ।

**नगरसभा सदस्य ज्यूहरु,**

अब म पालुङटार नगरपालिकाको आ.व. २०८१/०८२ को नीति तथा कार्यक्रम तर्जुमा गर्दा लिएका आधारहरु निम्न बमोजिम प्रस्तुत गर्दछु :

- नेपालको संबिधानको प्रस्तावना, मौलिक हक, राज्यका निर्देशक सिद्धान्त तथा नीतिहरु
- संघीय सरकार तथा प्रदेश सरकारको आवधिक योजनाले लिएका नीति तथा प्राथमिकताहरु
- संघीय सरकारले अबलम्वन गरेका आर्थिक तथा वित्तीय नीति
- प्रदेश सरकारले अवलम्बन गरेका आर्थिक तथा वित्तीय नीति
- संबिधानमा व्यवस्था भएका एकल तथा साझा अधिकार सुची
- पालुङटार नगरपालिका तहको आवधिक विकास योजनाले तय गरेका प्राथमिकताहरु
- नेपालले अन्तर्राष्ट्रिय जगतमा जनाएका प्रतिबद्धताहरु
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य स्थानीय तह सञ्चालन सम्बन्धी ऐन, नियमावालीका प्रावधानहरु

- विकासका समसामायिक मुद्दाहरु जस्तैः दिगो विकास लक्ष्य, जलबायु परिवर्तन र विपद व्यवस्थापन, खाद्य तथा पोषण सुरक्षा, लैंगिक सशक्तिकरण तथा समावेशी विकास
- बालमैत्री स्थानीय शासन, वातावरणमैत्री स्थानीय शासन, पूर्ण सरसफाई लगायतका अन्य संबन्धित विषयहरु
- निर्वाचनका क्रममा गरिएका प्रतिबद्धता पत्रहरु
- बिगतका बर्षहरुमा पालुङटार नगरपालिकाले तयार परेका नीति कार्यक्रम तथा योजनाहरु
- स्रोत अनुमान तथा वजेट सिमा निर्धारण समिति, वजेट तथा कार्यक्रम तर्जुमा समिति, राजश्व परामर्श समिति, विषयगत समिति लगायत समितिबाट प्राप्त प्रतिबेदन तथा सुझावहरु
- टोल सुधार समिति तथा वडास्तरबाट आएका सुझाबहरु
- बिभिन्न राजनीतिक दलहरु, बिज्ञ भेला, संघसस्थाहरु, नगरबासी सम्पूर्ण दाजुभाई तथा दिदि बहिनिहरुका सल्लाह सुझाबहरु ।

**नगर सभा सदस्यज्यूहरु,**

पालुङटार नगरपालिकाको नीति तथा कार्यक्रम तर्जुमाका मुख्य उद्देश्यहरु निम्नअनुसार रहेका छन् :

- ❖ जनताको मौलिक हकको रुपमा रहेका न्युनतम् आधारभूत आवश्यकता परिपूर्ति गर्ने।
- ❖ जनतालाई आत्मनिर्भरता तिर उन्मुख गराउन रोजगारीको नयाँ स्रोत खोजी गर्ने र पालुङटार नगरवासीको क्षमताको उच्चतम सदुपयोग गरी समृद्ध पालिका बनाउने।

- समाजवाद उन्मूख ग्रामीण अर्थतन्त्रको विकास गर्न कृषिजन्य उत्पादनमा आत्मनिर्भर वनाउने ।
- सुशासनको प्रत्याभूति दिलाउन भ्रष्टाचारजन्य कार्यमा शुन्य सहनसिलताको नीति अवलम्वन गर्ने ।
- सामाजिक शोषणका सबै अवशेष अन्त्य गर्न आर्थिक समृद्धि र सामाजिक, साँस्कृतिक रुपान्तरण अभियान सञ्चालन गर्ने |
- स्रोतसाधनको अधिकतम परिचालनद्वारा तिव्र आर्थिक वृद्धि हाँसिल गर्दै प्राप्त स्रोत साधनको न्यायोचित वितरण, आर्थिक, सामाजिक असमानता हटाउने, शोषण रहित समाज निर्माण गर्दै समाजवादी अर्थतन्त्रको आधार तयार गर्ने |
- नगरक्षेत्रमा पर्यटनको विकास गर्न ऐतिहासिक स्थलहरुको संरक्षण र प्रवर्धनमा जोड दिने ।
- नगर भित्र रहेका ग्रामिण सडकहरुलाई सबै मौसममा सवारी सञ्चालन गर्न मिल्ने सडकको रुपमा विकास गर्ने
- डिजिटल नगरपालिका निर्माणका लागि नगरपालिकाबाट प्रदान गरिने सेवालाई प्रविधिमैत्री बनाउने ।
- आर्थिक समृद्धि, सामाजिक साँस्कृतिक रुपान्तरण सहितको समाज विकास गर्ने।
- शिक्षा, स्वास्थ्य, रोजगार, खाद्य सम्प्रभुता, आवास, सामाजिक न्याय, सामाजिक सु-व्यवस्था, दिगो विकास गर्दै समाजवादको आधार तयार पार्ने ।
- जलस्रोत, उर्जा, कृषि, पर्यटन, पशुपालन, वनजंगल, जडिबुटी उत्पादन, उद्योग स्थापना जस्ता आर्थिक उपार्जनको क्षेत्रलाई समुचित र न्यायसंगत ढंगले उपयोग गर्ने, कृषक समुह र सहकारीलाई प्रोत्साहन गर्ने र भौतिक पूर्वाधार विकास गर्दै मानव सूचाङ्कको विकास गर्न योजनावद्ध र एकीकृत ढंगले अगाडी बढ्ने ।

- स्वतन्त्र, निश्पक्ष, मानवअधिकार, लैङ्गिक समानता, सामाजिक न्याय, समावेसी र समानुपातिक सिद्धान्तलाई आत्मसाथ गर्दै लोक कल्याणकारी व्यवस्थालाई सुदृढ र दिगो बनाउँदै लैजाने ।
- वजार, व्यापार व्यवसाय, औषधि पसल, दैनिक उपभोग्य वस्तुको बिक्रि वितरणमा हुने कालो बजारी, कृतिम अभाव लगायतका अपराधजन्य कार्यहरुको निरन्तर अनुगमन गरि गलत कार्य गर्नेलाई कारवाहीको सिफारिश गर्ने |
- सुशासन प्रवर्धन र संस्थागत विकास गर्ने |

**नगरसभा सदस्य ज्यूहरु,**

अब म यस नगरपालिकाको आगामी आर्थिक बर्ष २०८१/०८२ को प्रमुख आधार क्षेत्रहरु प्रस्तुत गर्न चाहन्छु ।

- आर्थिक विकास
- सामाजिक विकास
- भौतिक पूर्वाधार विकास
- वन, वातावरण तथा विपद व्यवस्थापन
- सुशासन तथा संस्थागत विकास

**नगरसभा सदस्य ज्यूहरु,**

अब म यस नगरपालिकाको आगामी आर्थिक बर्ष २०८१/०८२ को प्राथमिकताका क्षेत्रहरु प्रस्तुत गर्न चाहन्छु ।

- खाद्य सुरक्षा
- सुरक्षित आवास
- सर्वसुलभ खानेपानी
- आधारभूत स्वास्थ्य

- निशुल्क र अनिवार्य शिक्षा
- सामाजिक सुरक्षा
- कृषि तथा पशुपालन
- सुशासन अभिवृद्धि
- वातावरण संरक्षण तथा विपद व्यवस्थापन
- भौतिक पूर्वाधार
- पर्यटन विकास
- उद्यमशिलता, रोजगारी सिर्जना तथा नवप्रवर्धन
- खेलकुद तथा अतिरिक्त क्रियाकलाप
- कला, संस्कृति ऐतिहासिक पक्षको संरक्षण
- भूमिहीन दलित, भूमिहिन सुकुम्वासी र अव्यवस्थित वसोवासीहरुको व्यवस्थापन
- सार्वजानिक, निजी र सहकारी साझेदारी
- लैंगिक समानता, सामाजिक न्याय, समता तथा सामाजिक सुरक्षा
- योजना, अनुगमन तथा मुल्याङ्कन र तथ्याङ्क व्यवस्थापन
- दिगो विकास
- अन्य विविध क्षेत्रहरु

**नगरसभा सदस्य ज्यूहरु**

**अब म चालु आ.ब. २०८०/८१ को कार्यक्रमहरुका हालसम्मको संक्षिप्त समिक्षा विवरण प्रस्तुत गर्दछु ।**

**पालुङटार नगरपालिकाको हालसम्मको वित्तिय प्रगति विवरण**

पालुङटार नगरपालिकाको चालु आ.ब. २०८०/८१ को हालसम्मको वित्तिय प्रगति औसत ६८.३७% रहेको छ । जसमा पूंजीगत खर्चतर्फ ६७.५२ प्रतिशत रहेको छ भने चालु खर्च तर्फको वित्तीय प्रगति ६८.९५ प्रतिशत रहेको छ । चालु आ.ब.को अन्त्य सम्ममा ८१ प्रतिशतको आर्थिक प्रगति हुने अपेक्षा लिएको छ ।

**हालसम्मका कार्यक्रमगत उपलब्धिहरु**

## १. भौतिक उपलब्धि

- ❖ अघिल्लो आर्थिक वर्षको तुलनामा चालु आर्थिक वर्षमा हालसम्म थप ३७०१ मि. सडक कालोपत्रे, १५४०९ मि. सडक ग्राबेल र १५१२० मि. कच्ची सडक, ४१२३ मि. पक्की नाला, १६२८ मि. ढलान, ८ ओटा कजवे र १४ ओटा कल्भर्ट निर्माण सम्पन्न भएको छ।
- ❖ सिँचाई तर्फ हालसम्म १८२५ रोपनी क्षेत्रफलमा सिँचाई सुविधा विस्तार गरिएको छ ।
- ❖ खानेपानी तर्फ ५६० घरधुरीमा खानेपानी सुविधा पुऱ्याइएको छ।
- ❖ पालुङटार नगरपालिका भित्र थप ८१ ओटा सामुदायकि भवन नर्िमाण सम्पन्न भएको छ।
- ❖ ३५० मे.टन क्षमताको कोल्डस्टोर निर्माण सम्पन्न भई सञ्चालनको तयारी चरणमा रहेको छ।
- ❖ कृषि तथा पशुपन्छी सेवा केन्द्र (MALSC) निर्माणाधिन अवस्थामा रहेको छ ।
- ❖ नगरपालिका अन्तर्गत रहेका ६२० कि.मि सडकको वर्गीकरण र प्राथमिकीकरण गरिएको छ।
- ❖ नगर यातायात गुरु योजना (MTMP) तयार गरिएको छ।

- बैकल्पिक राजमार्ग (पालुङटार, हर्मी, छोप्राक, जौबारी बारपाक सडक), दुधपोखरी राजमार्ग, वैकल्पिक दुधपोखरी राजमार्ग, अँबुवा बिर्दी पौवाटार सडक, पुष्पलाल लोकमार्ग (मध्य पहाडी राजमार्ग), कटहरे पन्थडिही हर्मी साहिलीटार सडक, बिमलनगर पौवाटार राधाकृष्ण सडक, तुरतुरे राधाकृष्ण सिटिईभिटि सापकोटाटार सडक, नयाँपुल आहालेबर्रा काराखेतीटार रातमाटे सडक निर्माणको चरणमा रहेको छ ।
- स्मार्ट सिटि र सघन शहरी विकास कार्यक्रममा छनोट भएका कार्यक्रमहरु कार्यान्वयन भएको छ ।
- सुख्खा क्षेत्रमा खानेपानीको सुविधा विस्तारका लागि लिफ्ट प्रविधिमा आधारित पालुङटार बृहत खानेपानी आयोजना निर्माणाधीन अवस्थामा रहेको छ ।

## २. आर्थिक तथा सामाजिक उपलब्धि

- शिक्षा क्षेत्रमा विद्यार्थी मूल्यांकन, विद्यालय अनुगमन तथा शिक्षण सुधार पृष्ठपोषण, दरवन्दी मिलान जस्ता कार्यहरु संचालन गरी शैक्षिक गुणस्तर सुधार गर्ने कार्यले तिव्रता पाएको छ ।
- स्वास्थ्य क्षेत्रबाट प्रदान गरिदै आएको सेवालाई सर्वसुलभ र जनमूखी बनाउँदै लगिएको छ।
- कृषि क्षेत्रको विकासको लागि उन्नतजातका बीउ बीजन, रासायनिक मल, किटनाशक औषधि वितरण र पशु नश्ल सुधार कार्यक्रमलाई व्यवस्थित गर्दै लगिएको छ।
- पालुङटार नगरपालिका वडा नं ६, ७ र ८ गरि तीन वडा लिची ब्लक क्षेत्रको रुपमा विकास भई संचालनमा रहेको छ ।

- वडा नं ९ र १० मा अमिलो जातका फलफुल उत्पादन पकेट क्षेत्र विकासका लागि योजना तथा कार्यक्रम संचालन गरिएको छ ।
- प्रधानमन्त्री रोजगार कार्यक्रम मार्फत बेरोजगार सूचीमा सूचीकृत व्यक्तिहरुलाई आंशिक रोजगारीको व्यवस्था मिलाइएको छ।
- **दुध र मासुमा आत्मानिर्भर पालुङटार** भन्ने नारालाई आत्मासाथ गर्दै पालुङटार नगरपालिका वडा नम्बर ७ को जुडीखोला र वडा नम्बर ९ को शेरामा घाँसमा आधारित पशु विकास योजना तथा कार्यक्रम संचालन गरिएको छ ।
- पशुपन्छी र कृषिवालीमा रोग, परजीवी नियन्त्रणका लागि शिविर तथा स्थलगत प्राविधिकको व्यवस्था गरिएको छ ।
- नगरपालिका भित्रका सबै वडाहरुमा १ दिने पशु स्वास्थ्य शिविर संचालन गरिएको छ ।
- कृषि / पशु प्राविधिकलाई वडाको जिम्वेवारी तोकी कार्यक्षेत्रमा खटाइएको छ।
- स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ४७ को उपदफा १ र २ ले दिएको अधिकार क्षेत्र र प्रचलित कानुन वमोजिम स्थानीय न्यायिक समितिले आफ्नो भूमिका निर्वाह गरिरहेको छ । मेलमिलाप कार्यलाई थप प्रभावकारी वनाउन हरेक वडामा मेलमिलाप केन्द्र स्थापना गरिएको छ ।
- ग र घ वर्गका अपाङ्गता भएका व्यक्तिहरुको निशुल्क स्वास्थ्य विमा कार्यक्रम संचालनमा ल्याईएको छ |
- बालमैत्री स्थानीय शासन प्रवर्धनका कार्यहरु (बालक्लब सञ्जाल, बाल संरक्षण समिति र बालमैत्री शासन कार्यान्वयन समिति) गठन र बालमैत्री विद्यालय पूर्वाधार विकास कार्यक्रम संचालन गरिदै आएको छ ।
- विषयगत शिक्षक समूह गठन तथा परिचालन कार्य अगाडी बढेको छ ।सहपाठी शिक्षण सिकाई मार्फत गुणस्तरीय शिक्षा प्रवर्धन गर्ने प्रयास गरिएको छ ।

- सामुदायिक तथा संस्थागत विद्यालयहरुको शैक्षिक गुणस्तर वृद्धिका लागि एस.इ.इ लक्षित छात्रावास कार्यक्रम, कक्षा ५, ८ र ९ कक्षाको नगर स्तरीय परीक्षा संचालन गरिएको छ। विद्यार्थीहरुको बास्तविक समस्या पहिचान गरि सुधारका लागि निदानात्मक परिक्षा संचालन गरिएको छ ।
- दरबन्दी मिलान तथा विद्यालय समायोजन कार्य हुदै आएको छ ।
- नगर प्रमुख प्राविधिक शिक्षा छात्रवृत्ती कार्यक्रम प्रभावकारी रुपमा संचालन गरिएको छ ।
- नगर उप प्रमुखसंग अभिभावक विहिन, अतिविपन्न विद्यार्थी कार्यक्रम संचालनमा ल्याइएको छ।
- पालुङटार नगरपालिकाको ७ वर्षे शिक्षा योजना निर्माण प्रक्रिया अगाडी वढेको छ।
- समुदाय स्तरका, विद्यालय स्तरका खेलकुद कार्यक्रमहरु रास्ट्रपति रनिङ्गशिल्ड लगायत अन्य खेलकुद कार्यक्रम अगाडी वढेको छ ।
- आपपिपल अस्पताल स्तरउन्नोती सहित प्रदेश सरकार मार्फत संचालन गर्ने निर्णय भएको छ।
- आयुर्वेदिक चिकित्सामा आधारित घुम्ती स्वास्थ्य शिविर संचालन गरिएको छ ।
- जेष्ठ नागरिक, असक्त र अपांगता भएका व्यक्तिहरुको जनस्वास्थ्यलाई मध्ये नजर गर्दै घरदैलो सेवा संचालन गरिएको छ।
- सुख्खा फोहर व्यवस्थापनका लागि फोहरमैला प्रशोधन केन्द्र संचालन गरिएको छ ।
- खानेपानी, सरसफाई र स्वच्छता (WASH) योजना कार्यान्वयनमा रहेको छ |
- लिगलिगकोट, हर्मिकोट, मिरकोटगढी (कोटगढी), लाजीकोट, सिद्धगुफा थान, अन्नपुर्ण मन्दिर, कालुपाण्डे पार्क, तातोपानी क्षेत्र लगायत क्षेत्रलाइ पर्यटकीय क्षेत्रको रुपमा विकास गरिएको छ ।

- ❖ औधोगिक क्षेत्रको लागि सम्भाव्यता अध्ययनका कार्य अगाडी वढेको छ।
- ❖ नगरपालिका भित्र वसोवास गर्ने नागरिकको वित्तीय पहुँच सदुपयोगको लागि गाउँ गाउँमा वित्तीय सक्षरता कार्यक्रम संचालन गरिएको छ ।
- ❖ सामुदायिक विद्यालयहरुमा सवारीसाधन (स्कुल वस) संचालन गर्ने कार्यको सुरुवात गरिएको छ । हाल सम्म अमरज्योति जनता मा.वि पा.न.पा ४, भवानी मा.वि पा.न.पा ५, जीवनज्योति मा.वि पा.न.पा ७ मा स्कुल बस संचालन गरिएको छ ।
- ❖ गरिव विरामी संग मेयर कार्यक्रमलाई प्रभावकारी रुपमा संचालन गरिदै आईएको छ ।
- ❖ पालुङटार नगरपालिकाका प्रत्येक वडाहरुमा वडा स्तरीय महिला संजाल गठन भइ नगर स्तरीय महिला संजाल गठन भएको छ ।
- ❖ पालुङटार नगरपालिकाका प्रत्येक वडाहरुमा वडा स्तरीय कृषक संजाल गठन भइ नगर स्तरीय कृषक संजाल गठन भएको छ ।
- ❖ क्षयरोग मुक्त नगरपालिका घोषणाको लागि आवश्यक योजना निर्माण गरी कार्यान्वयन गर्ने कार्यको सुरुवात भएको छ।

## ३. संस्थागत उपलब्धिहरु

- ❖ प्रशासनिक क्षेत्रमा सुधार ल्याउन कार्यसम्पादनमा जवाफदेहिता, पारदर्शिता, प्रभावकारीता एवम् जनसहभागितालाई अवलम्वन गरिएको छ।
- ❖ गत आ.व. को तुलनामा स्थानिय तह संस्थागत क्षमता स्वमूल्याङ्कन (LISA) मा २९% र स्थानिय तह वित्तिय सुशासन जोखिम मूल्याङ्कन (FRA) मा १४.५% ले वृद्धि भएको छ ।

- Electronic Fund Transfer ( EFT ) प्रणाली लागु गरी भुक्तानी प्रक्रियामा पारदर्शिता कायम गरिएको छ।
- आधारभूत स्वास्थ्य सेवामा नागरिकको सहज पहुँचका लागि पालुङटार नगरपालिका वडा नम्बर २ को चापाभन्ज्याङ र वडा नम्बर ३ को डुम्रेडाँडा सहरी स्वास्थ्य केन्द्र थप गरी संचालन गरिएको छ ।

**सम्पूर्ण नगर सभा सदस्यज्यूहरु,**

अब म यस नगरपालिकाले विभिन्न क्षेत्रहरुमा अवलम्बन गर्ने क्षेत्रगत नीति तथा कार्यक्रम प्रस्तुत गर्न चाहन्छु ।

## १. आर्थिक विकास तर्फ :

मौलिक हकका रुपमा सुनिश्चित गरेको खाद्य सुरक्षा, मर्यादित र सुरक्षित रोजगार र आय आर्जनलाई मूर्तरुप दिन संघ तथा प्रदेशको कानून, नीति, योजना र लक्ष्यको आधारमा स्थानीय तहको सरकारको योजनावद्ध प्रयास हुन आवश्यक छ । यसैलाई मध्यनजर गरी समग्र आर्थिक विकासको लागि अग्रणी भूमिकामा रहेका कृषि, उद्योग, व्यवसाय, पर्यटन, वित्तीय व्यवस्थापन जस्ता क्षेत्रलाई लक्ष्य परिमाण तथा सोको नतिजा प्राप्तिका लागि अवलम्बन गर्नुपर्ने रणनीति र बिषयका क्षेत्रगत प्रमुख कार्यक्रमहरु देहाय अनुसार रहेको छ :

## क) कृषि तथा पशुपंक्षि विकास :-

स्थानीय हावापानी सुहाउँदो अधिक उत्पादन दिने खालका उन्नत प्रजातिका बीउ बिजन उपलब्ध हुन सकेको छैन, सुख्खा क्षेत्रमा सिंचाई सुबिधाको अभाव र व्यवसायिक कृषकहरु अझै संगठित हुन नसक्नाले करिब ४६ प्रतिशत जनसंख्याले खाद्य असुरक्षाको चुनौती सामना गर्न बाध्य रहेको अवस्था देखिन्छ । **"कृषकको**

**हात स्थानीय सरकारको साथ"** भन्ने मुल नाराका साथ कृषि विकासमा आएका चुनौतीहरुलाई सामना गर्नका लागि तपशिलका नीतिहरु लिइनेछ :

- पालुङटार वहुउदेश्यीय कृषि प्रवर्धन कार्यक्रम संचालनमा ल्याइनेछ र यसलाई नगर गौरवको आयोजनाको रुपमा निरन्तरता दिईनेछ ।
- **"वनको बाँदर वनैमा"** भन्ने नाराका साथ बाँदर, दुम्सी, मृग लगायतका वन्यजन्तुको प्रकोपबाट बालीनालीलाई संरक्षण गर्न जनावरको अधिकार (Animal Right ) लाई मध्यनजर गरि आवश्यक प्राकृतिक उपाय अवलम्बन गरिनेछ | बाँदरका प्रकोप बढी भएको स्थानहरुमा सम्भाव्यताको आधारमा बादरले नष्ट नगर्ने किसिमका बालिहरु खुर्सानी, अदुवा, बेसार, जौ, टिमुर कटहर, कागती खेतिका लागि प्रोत्साहन गरिनेछ | जंगलमा फलफुलका विरुवा रोप्ने कार्यलाई अभियानको रुपमा संचालन गरिनेछ |
- घाँसमा आधारित पशुपालन व्यवसायलाई प्रोत्साहन गर्न पशुपालक कृषकहरुका लागि **"वर्षै भरि हरियो घास"** कार्यक्रम संचालन गरिनेछ |
- कृषि आधुनिकीकरण, कृषि तथ्यांक तथा सूचना व्यवस्था, भुमि बैंक स्थापना, वजार तथा उत्पादन व्यवस्थापन प्रणालीका लागि **नतिजामुखी कृषि प्रबिधि प्रणाली (result oriented agriculture digitized system )** विकास गरिनेछ ।
- नगरक्षेत्र भित्र घरपालुवा र सामुदायिक कुकुरहरुलाई रेविज विरुद्ध खोप कार्यक्रमको निरन्तरता दिदै पशुपन्छीमा लाग्ने अन्य सरुवा रोग तथा महामारी नियन्त्रणका लागि **"पालुङटार नगर, पूर्ण पशुपन्छी खोप युक्त नगर"** बनाउन आवश्यक पहल गरिनेछ |
- उपयुक्त बालि छनौटको लागि संघीय सरकार, प्रदेश सरकार र अन्य निकायहरुको समन्वयमा माटो परिक्षण कार्यलाई निरन्तरता दिइनेछ ।

- **बाँझो जमिनको प्रयोग, उत्पादनमा सहयोग** भन्ने सोचका साथ बाँझो जमिनमा खेतिका लागि प्रोत्साहन कार्यक्रम सञ्चालन गरिनेछ ।
- विद्यालय दिवा खाजा कार्यक्रम, आँपपिपल हस्पिटल क्यान्टिन, सुत्केरी पोषण कार्यक्रमलाई स्थानीय रैथाने वाली सँग जोडी वजारीकरणको व्यवस्थालाई जोड दिईनेछ ।
- नगरप्रमुखसँग **लोक कल्याणकारी किसान कोष** मार्फत उत्पादनमा आधारित अनुदान कार्यक्रम संचालनमा ल्याइनेछ ।
- नगरपालिका भित्र सक्रिय रुपमा कृषि पेशामा संलग्न कृषकको सूचीकरण गरी व्यवसायिक कृषि प्रवर्धन गर्न जोड दिईनेछ ।
- स्थानीय कृषकहरुले उत्पादन गरेका हरेक बस्तुहरुको बजारीकरण तथा भण्डारणका लागि सुविधा सम्पन्न कोल्ड स्टोर, दुग्ध संकलन केन्द्र संचालन गरिनेछ ।
- कृषि र पशुपालन व्यवसायमा देखा पर्ने समस्या समाधानका लागि आवश्यकता अनुसार कृषि प्राविधिक र भेटेनरी डाक्टर सहितको घरदैलो सेवा संचालनलाई थप व्यवस्थित गरिनेछ ।
- खाद्य सुरक्षा सुनिश्चतताका लागि मकै तथा धानबाली प्रवर्द्धन कार्यक्रम संचालन गरिनेछ । ३ वर्ष भन्दा वढि बाँझो जग्गामा खेति गर्ने कृषकलाई प्रोत्साहन गरिनेछ ।
- कृषि तथा फलफूल पकेट घोषणा भएका ब्लकहरुलाई थप प्रभावकारी कार्यक्रमहरु बनाई कार्यान्वयन गरिनेछ, आगामी बर्ष थप एक धानबाली र आलुबाली पकेट क्षेत्र संचालन गरिनेछ ।
- पुष्प खेति गर्ने किसानलाई प्रोत्साहन स्वरुप बीउ / बिरुवा खरिदमा अनुदान दिईनेछ ।

- बिभिन्न कृषि मेसिनरी सामाग्री खरिदका लागि किसानहरुलाई प्रोत्साहन गर्ने खालका र कृषिलाई आधुनिकीकरण गर्दै व्यवसायीकरण तर्फ उन्मुख गराउन कृषि सामाग्री (मेसिनरी, उन्नत बिउ बिजन) खरिदमा अनुदानको ब्यबस्था सहितका बिभिन्न कार्यक्रम बनाई कार्यान्वयन गरिनेछ ।
- रासायनिक मलको सहज उपलब्धताको निम्ति प्रत्येक वडामा सहकारी मार्फत भइरहेको वितरण प्रणालीलाई थप व्यवस्थित बनाईनेछ ।
- पशु नश्ल सुधार कार्यक्रमलाई थप व्यवस्थित बनाई दायरा फराकिलो बनाइनेछ ।
- दाना उद्योगलाई आवश्यक पर्ने मकै, भटमास लगायतको खेतीलाई प्रोत्साहन गर्ने गरी कार्यक्रम अगाडी बढाइनेछ ।
- नगरपालिका भित्र स्थापना हुने कृषि तथा पशु फर्म तथा कृषि समुह दर्ता तथा नविकरणमा साबिकमा लिंदै आएको शुल्कमा ५० प्रतिशत छुट दिने कार्यलाई निरन्तरता दिइनेछ ।
- पशुपंक्षी पालनको तथ्याङ्क संकलन गरी निजी, सहकारी, सार्वजनिक व्यवस्थाका माध्यमबाट आत्मनिर्भरता तर्फ जोड दिइनेछ ।
- पशुपालन व्यवसायमा हुने जोखिमलाई न्यूनिकरण गर्दै पशुधनको सुरक्षामा सुनिश्चितता गर्न पशु विमा कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- पालुङटार नगरपालिका वडा नं. ६मा सञ्चालनमा रहेको खत्रिटार हाटबजार र पालुङटार नगरपालिका वडा नं. ४ मा निर्माणाधिन बाह्रपिर्के हाटवजारलाई थप व्यवस्थित गरी सञ्चालन गरिनेछ ।
- नगरपालिकाभित्र जमिनको उर्वराशक्ति क्षय हुन नदिन रसायनिक मलको प्रयोगलाई न्यूनीकरण गर्दै प्राङ्गारिक मलको प्रयोगमा जोड दिइनेछ।

## ख) सुरक्षित आप्रवासन तथा बैदेशिक रोजगार

- ❖ बैदेशिक रोजगारलाई सुरक्षित, मर्यादित तथा व्यवस्थित गराउन थप पहल गरिने छ । त्यसका लागि सुरक्षित आप्रवासन कार्यक्रमलाई संघ, प्रदेश र स्थानिय तहको साझेदारीमा थप व्यवस्थित ढंगले सञ्चालन गरिनेछ ।
- ❖ पालुङटार नगरपालिकाका वासिन्दालाई वैदेशिक रोजगार लक्षित सिप, जीवन विमा, सामाजिक सुरक्षा सहित पालिकाबाट श्रम स्वीकृति गराई बैदेशिक रोजगारिमा जाने व्यवस्था मिलाइनेछ ।
- ❖ वैदेशिक रोजगारबाट फर्किएकाहरुको सिप, पुंजी र प्रविधिको उच्चतम प्रयोग गरि नगरपालिकाको आर्थिक बृद्धिमा टेवा पुऱ्याइनेछ । यसका लागि आवश्यक कार्यक्रम तथा नीति व्यवस्था गरि पुनः एकीकरण कार्यक्रम संचालन गरिनेछ ।
- ❖ सुरक्षित वैदेशिक रोजगार सम्बन्धि चेतनामुलक होडिङबोर्ड राख्ने व्यवस्था गरिनेछ ।
- ❖ नगरपालिका भित्र बसोबास गर्ने नागरिकको लागि वित्तीय पहुँच सदुपयोगको लागी गाउँ गाउँमा वित्तीय साक्षरता कार्यक्रम संचालन गरिनेछ ।
- ❖ बढ्दो आत्महत्या, मानसिक रोग तथा परिवारिक विखण्डन रोक्न विद्यालय तथा समुदायमा मनोसामाजिक सचेतना कार्यक्रम संचालन गरिनेछ।साथै मनोसामाजिक परामर्श सेवालाई व्यवस्थित गर्न तर्जुमा भएको मनोसामाजिक तथा मानसिक स्वास्थ्य नीतिलाई प्रभावकारी रुपमा लागु गरिनेछ।
- ❖ बैदेशिक रोजगारलाई व्यवस्थित गर्न नगरपालिका भित्र बैदेशिक रोजगारमा रहेका नागरिकहरुको सङ्कलित तथ्याङ्कको विश्लेषण गरी उपयुक्त कार्यक्रम सञ्चालन गरिनेछ ।

## ग. उद्योग, रोजगार तथा व्यवसाय

- ❖ रोजगार तथा आत्मनिर्भर हुने गरि कृषि, पशुपालन, उद्योग व्यवसायको ब्यावसायिकरणमा निरन्तरता दिंदै वैदेशिक रोजगारीबाट फर्किएर स्वदेशमा नै

व्यवसाय गर्न चाहने यूवा उद्यमी व्यवसायिहरुलाई सहुलियत ब्याजदरमा ऋण व्यवस्था गरी स्वरोजगार बन्न प्रोत्साहन गरिनेछ।

- **"व्यवसायि संग नगरपालिका"** अभियान सञ्चालन गरी नगर क्षेत्रमा सञ्चालनमा रहेका तर कानुनी रुपमा दर्ता नभएका साना उद्योग एवम् व्यवसायिक फर्महरुलाई विधिवत रुपमा दर्ता गर्न प्रोत्साहित गरी कानुनी दायरामा ल्याइनेछ।
- गरिवि निवारणका लागि लघु उद्यम विकास कार्यक्रम कार्यविधि २०७७ अनुसार लघु उद्यम विकास कार्यक्रम समुदायको इच्छा चाहना र माग स्रोत सर्वेक्षणको आधारमा सञ्चालन गरी नयाँ उद्यमी सिर्जना र पुराना उद्यमीको स्तरोन्नती तालिम मार्फत गरिवी निवारण गर्न पहल गरिनेछ ।
- प्रधानमन्त्री रोजगार कार्यक्रमलाई थप प्रभावकारी बनाउदै संचालन गरिनेछ ।
- लगानी मैत्री पालुङटार सिर्जना गर्ने अवधारणा स्वरूप **invest in palungtar** को अभियान संचालन गरिनेछ ।
- सिटिइभिटीसँगको सहकार्यमा आवश्यकताको आधारमा नगरपालिका भित्रका वेरोजगार यूवाहरुलाई बिभिन्न तालिम दिई दक्ष जनशक्ति बाहिरवाट झिकाउनु पर्ने अवस्थाको अन्त्यका लागि बिभिन्न कार्यक्रमहरु संचालन गरिनेछ ।
- समग्र नगरको विकासको लागि लगानी मैत्री वातावरण सिर्जना गरिनेछ ।
- श्रमको सम्मान राष्ट्रको अभियान भन्ने नाराका साथ विकास निर्माणका आयोजनाहरुमा यस नगरपालिका अन्तर्गत वेरोजगारहरुको सुचीमा सुचिकृत वेरोजगारहरुलाई काममा अनिवार्य लगाउनु पर्ने नीति अवलम्बन गरिनेछ ।

## घ) पर्यटन विकास :

पालुङटार नगरपालिकाको बिभिन्न क्षेत्रमा ऐतिहासिक, प्राकृतिक, धार्मिक, साँस्कृतिक एवं पुरातात्विक महत्वका स्थलहरु यस नगरपालिकाको गहनाको रुपमा रहेको कुरा सबैमा विधितै छ । यस क्षेत्रका पर्यटकीय क्षेत्रको प्रचार- प्रसार र आवश्यक भौतिक सुविधाहरु व्यवस्थापन गर्न सके यस नगरपालिकालाई पर्यटकीय सुन्दर नगरीको रुपमा चिनाउने तथा आन्तरिक एवं वाह्य पर्यटकहरु भित्र्याई थप आर्थिक अवसरहरु सृजना गर्न सकिने कुरामा दुई मत छैन । पर्यटन क्षेत्रको विकास र प्रवर्द्धनका लागि निम्न प्रकारका नीति, योजना र कार्यक्रम सञ्चालन गरिनेछन् :

- सम्पूर्ण पालुङटार नगरपालिकाको पर्यटकीय विकासका लागि नगर पर्टन क्षेत्र विकास समितिलाई पूर्णता दिई सोहि समिति मार्फत नगर भित्र रहेका लिगलिगकोट, मिरकोट गढी ( कोटगढी), तातोपानी लगाएतका धार्मिक, साँस्कृतिक तथा पर्यटकीय स्थलहरुको संरक्षण, प्रवर्द्धन तथा प्रचार, प्रसार हुने एकीकृत कार्यक्रमहरु संचालनमा ल्याइनेछ ।
- जनयुद्ध, जनआन्दोलन लगायतका परिवर्तनकारी आन्दोलनमा सहादत प्राप्त महान् शहिद हरुको सम्मान र सम्झनामा नगर स्तरीय सहिद स्मृति पार्कको स्थापना तथा सोको विकासका लागि आवश्यक कार्यक्रम ल्याइनेछ ।
- प्राकृतिक तथा ऐतिहासिक सम्पदाहरुको संरक्षण र विकास कार्यलाई निरन्तरता दिई पर्यटन प्रबर्द्धनमा जोड दिइनेछ ।
- दिगो पर्यटन विकासको लागि नीति, नियम र योजना निर्माण गरी कार्यान्वयन गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

## ङ. सहकारी विकास

- ❖ सहकारीको मुल्य, मान्यता र सिद्धान्त अनुरुप संस्थाहरुको स्थापना, विकास र संचालनको लागि प्रर्वधनात्मक कार्यक्रमहरु संचालन गरिने छ ।
- ❖ स्थानीय स्तरमा रहेको पुंजी, प्रविधि, ज्ञान र सिपलाई सामुहिक भावना मार्फत सहकारीमा आवद्ध गरि एकीकृत शक्तिको रुपमा व्यवसाय र आय आर्जनमा जोडिने छ ।
- ❖ समाजवादी अर्थतन्त्रको आधार तयार गर्न सहकारीबाट हुने कार्यसम्पादनमा थप प्रभावकारिता र पारदर्शीता ल्याउनका लागि नगरस्तरीय सहकारी संजाल गठन गरिनेछ ।
- ❖ श्रमिक तथा पेशाकर्मीहरुको हक अधिकारको संरक्षण तथा ब्यवसायिकता विकासको लागि श्रमिक सहकारी संस्था स्थापनालाई प्राथमिकतामा राखिनेछ ।
- ❖ सहकारी दर्ता र नियमन कार्यलाई व्यवस्थित बनाउन प्रविधिमैत्रि सहकारी अवधारणाको आधारमा दक्ष जनशक्ति तथा प्रविधिको व्यवस्थापनमा लगानी गरिने छ ।

## २. सामाजिक विकास तर्फः

नेपालले लिएको दिगो विकास लक्ष्य अनुसार सन् २०३० सम्ममा सबैलाई गुणस्तरीय शिक्षा, आधारभूत स्वास्थ्य, स्वच्छ पिउने पानी र सबैखाले विभेदको अन्त्य जस्ता क्षेत्रहरुलाई उठान गरि १६औं राष्ट्रिय योजनाले समेत उच्च प्राथमिकतामा राखेर अगाडि बढेको छ ।

- ❖ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण र दलित एवं वाल विकासका लागि चेतनामुलक कार्यक्रमहरु संचालन गरिनेछ ।
- ❖ छुवाछुत मुक्त नगरपालिका बनाउन विशेष किसिमका कार्यक्रम ल्याइनेछ ।

- सीमान्तकृत जातिहरु (जस्तैः कुमाल, गन्धर्व र दलित) साथै बिपन्न वर्गहरुको लागि बिशेष कार्यक्रम ल्याइनेछ ।
- आर्थिक सामाजिक रुपले बिपन्न वर्ग तथा समुदायको उत्थानको लागि आय, आर्जन गरिवी न्यूनीकरण, रोजगारी प्रवर्द्धन जस्ता कार्यक्रमलाई बिशेष प्राथमिकताका साथ अगाडी बढाइनेछ साथै त्यस्ता बर्गलाई प्रधानमन्त्री रोजगार कार्यक्रममा बिशेष जोड दिइनेछ ।
- इशाई धर्मावलम्बीहरुको शव व्यवस्थापनको निम्ति निर्माण गरिएको दफन क्षेत्रलाई थप व्यवस्थित गरिनेछ ।

## क ) आधारभूत शिक्षा :

- हरेक विद्यालयमा बिद्यार्थी संख्याको आधारमा उचित शिक्षक दरवन्दीको ब्यबस्था गरी निःशुल्क र अनिवार्य माध्यामिक शिक्षाको योजना क्रमशः लागू गरिनेछ ।
- नगर उपप्रमुख सँग अभिभावक विहिन अति विपन्न विद्यार्थीलाई शैक्षिक सहायता कार्यक्रमलाई निरन्तरता दिईनेछ |
- विद्यालय नक्साङकन कार्यलाई व्यवस्थित रुपमा अगाडी बढाईनेछ |
- सामुदायिक विद्यालयहरुलाई आवश्यकताको आधारमा सवारीसाधन (स्कुल बस) संचालनको व्यवस्था मिलाईनेछ |
- प्राविधिक तथा व्यवसायिक शिक्षा उपलब्ध गराउन प्राबिधिक धार संचालन भएका विद्यालयहरुलाई विशेष अनुदानको व्यवस्था मिलाईनेछ साथै अन्य विधालयहरुमा प्राविधिकधार संचालनका लागी प्रोत्साहित गरिनेछ |
- शिक्षक तथा विद्यालय कर्मचारीहरुको वृत्ति विकासका लागि आइसीटी तथा अन्य शैक्षिक तालिमहरु नगरपालिकाद्धारा आवश्यक योजना बनाई कार्यान्वयन गरिनेछ ।

- अनौपचारिक तथा वैकल्पिक शिक्षा संचालनका लागि सामुदायिक सिकाइ केन्द्र मार्फत परम्परागत पेसा, ज्ञान र सीपको पुस्ता हस्तान्तरणका कार्यक्रम संचालन गरिनेछ ।सामुदायिक सिकाई केन्द्रहरुको कार्य सञ्चालन प्रक्रियालाई सहजिकरणका लागि नगर स्तरीय संयन्त्र निर्माण गरिनेछ ।
- प्रविधियुक्त डिजिटल शिक्षा नीति अबलम्बन गरिनेछ । यसका लागि प्रविधि मैत्री शैक्षिक कार्यक्रम संचालन गरिनेछ ।
- बिद्यालयहरुलाई प्रविधिमैत्री बनाई प्राविधिक र जीवन उपयोगी शिक्षालाई प्रोत्साहन गरिनेछ र एक बिद्यालय एक उद्यम कार्यक्रम संचालन गरिनेछ ।
- नेपाल सरकारले शुरुवात गरेको दिवा खाजा कार्यक्रमलाई थप प्रभावकारी बनाउन स्थानीय उत्पादनको प्रयोग गरी पोषणयुक्त खाजा व्यवस्थापन कार्यलाई व्यवस्थित गरी अगाडी वढाइनेछ ।
- नगरपालिका भित्र संचालित शिक्षण संस्थामा प्राविधिक शिक्षा अध्ययन गर्न चाहने निश्चित गरीब लक्षित वर्गका जेहन्दार बिधार्थीलाई ५०% छात्रबृत्ति उपलब्ध गराईनेछ |
- शिक्षक तथा विद्यालय व्यवस्थापन समितिको क्षमता अभिवृद्धि तथा अभिभावकहरुको सचेतना वृद्धि गर्ने खालका कार्यक्रम संचालन गरिनेछ ।
- प्रत्येक बिद्यालयको खाली जमिनमा फुलवारी/बगैचाको निर्माण गरि हराभरा बनाइने नीतिलाई अबलम्बन गरिनेछ ।
- विद्यालयको शैक्षिक र प्रशासनिक क्षमता विकास गर्न प्रधानाध्यापक र शिक्षकहरुलाई प्रोत्साहन कार्यक्रम सञ्चालन गरिनेछ ।
- विद्यार्थी संख्या धेरै भएका विद्यालयलाई आवासीय, मेघा विद्यालयको रुपमा संचालन गर्ने प्रक्रिया अगाडी बढाईनेछ ।

- ❖ साथिबाट सिक्ने र साथिलाई सिकाउने (सहपाठी सिकाई) कार्यक्रमलाई व्यवस्थित रुपमा सञ्चालन गरिनेछ ।
- ❖ शैक्षिक सामग्रि सहितको वृहत शैक्षिक प्रदर्शनी मेलाको आयोजना गरी कक्षाकोठामा शैक्षिक सामग्रिको प्रयोगमा जोड दिइनेछ ।
- ❖ बालक्लबको परिचालन मार्फत विद्यालयको अतिरिक्त क्रियाकलाप सञ्चालनको वातावरण सिर्जना गरिनेछ ।
- ❖ विद्यालयको दिवा खाजा कार्यक्रममा स्थानिय उत्पादनलाई प्रयोग गर्न एक विद्यालय एक उत्पादन क्लब गठन गरिनेछ ।
- ❖ संस्थागत विद्यालयमा अध्यापन गराउने शिक्षकहरुको तलब भत्ता बैंक मार्फत भुक्तानी गर्नुपर्ने व्यवस्था मिलाइनेछ ।
- ❖ **"दक्ष शिक्षक गुणस्तरिय शिक्षा, सम्बृद्ध पालुङटार हाम्रो इच्छा"** भन्ने मान्यतालाई आत्मसात गर्दै आगामी ५ बर्ष सामुदायिक विद्यालय सुधार कार्यक्रम सञ्चालन गरिनेछ । यो कार्यमा नेपाल सरकारको सामुदायिक विद्यालय सुधार दशक, प्रदेश सरकारको शैक्षिक सुधार कार्यक्रम संग समन्वय र सहकार्य गरिनेछ ।
- ❖ रुम टु रिड सँगको साझेदारीमा संचालित साक्षरता र बालिका शिक्षा कार्यक्रमलाई थप विस्तार गरी व्यवस्थित गरिनेछ ।
- ❖ विद्यालयमा अतिरिक्त क्रियाकलापलाई व्यवस्थित गर्न झोला विहिन शुक्रबार कार्यक्रम कार्यान्वयनमा ल्याईने छ ।

## ख) बालमैत्री स्थानीय शासन तर्फ :

- ❖ नगरपालिका भित्र बन्ने सम्पूर्ण पूर्वाधार बालमैत्री बनाउन आवश्यक पहल गरिनेछ ।

- **पालुङटार नगरपालिकाको चाहना, बालमैत्री शासनको दिगोपना**लाई सुनिश्चितता गर्दै बालमैत्री सूचकहरुको पुनरावलोकन र बाल प्रतिभा पहिचान हुने विशेष कार्यक्रमहरु संचालन गरिनेछ ।
- बालबालिकाहरुलाई पहुँच, अपनत्व, बालविकास, बाल सहभागिता, बालसम्मान तथा संघीयता अभ्यास र अनुभवको लागि कार्यक्रम संचालन गरिनेछ ।
- बाल संजाल तथा बाल क्लबहरुको क्षमता विकासको लागि विभिन्न कार्यक्रमहरु संचालन गरिनेछ ।
- बाल दिवस लगायत अन्य सान्दर्भिक अवसरहरुमा चेतनामुलक र प्रतियोगितात्मक कार्यक्रम संचालन गरिनेछ ।
- बालमैत्री नगरपालिका घोषणा गर्न आवश्यक पूर्वशर्तहरुको पालना र पूर्णतामा ध्यान दिइनेछ ।
- नगरपालिका भित्रका संघ संस्थाहरुमा बाल प्रतिनिधित्व सुनिश्चिचता गर्ने नीति लिईनेछ ।
- बालमैत्री आचारसंहिता कडाईका साथ लागु गर्ने नीति अवलम्बन गरिनेछ ।
- बालविवाह तथा बलश्रम, बाल शोषण अन्त्य, बालहिंसा निरुत्साहित गर्ने विविध अभियान तथा कार्यक्रमहरु संचालन गरिनेछ ।
- बालअधिकार सम्बन्धी विभिन्न प्रकारका चेतनामुलक प्रचार सामग्रीहरु निर्माण र वितरण गर्ने कार्य संचालन गरिनेछ ।

## ग) आधारभूत स्वास्थ्य :

- ५० शैयामा स्तरोन्नती भएको आँपपिपल अस्पताल प्रदेश सरकारलाई विधिवत रुपमा हस्तान्तरण गर्ने प्रक्रिया अगाडी वढाइनेछ ।

- निजि स्वास्थ्य संस्था र क्लिनिकहरुको दर्ता तथा नियमित लेखापरिक्षण र नवीकरणलाई अनुगमन गरि स्वास्थ्य मापदण्डको दायरामा ल्याईनेछ ।
- विपद्का कारण बिरामी परेकाहरुलाई घर-घरमा मनोपरामर्श सहितको उपचार दिने व्यवस्थालाई निरन्तरता दिईनेछ। साथै मानसिक स्वास्थ्य सम्बन्धी अत्यावश्यक औषधिको व्यवस्था गरिनेछ ।
- स्वास्थ्य सेवाको माग पक्षलाई थप सबल बनाउन महिला स्वास्थ्य स्वयम् सेविकाको भूमिका वढाउनुको साथै सचेतनामूलक गतिविधि संचालन गरिनेछ । महिला स्वास्थ्य स्वयम सेविकाको प्रोत्साहनका लागि यातायात र संचार सुविधा वापत दिदै आएको रकमलाई निरन्तरता दिईनेछ ।
- नगरवासीको स्वास्थ्यलाई मध्यनजर गर्दै नगरपालिका भित्र सेवा विस्तार गर्नको लागि विशेषज्ञ स्वास्थ्य सेवा सहितको स्याटलाइट क्लिनिक सञ्चालन गर्ने नीति लिइनेछ ।
- नगरपालिका भित्रका बालबालिकाको पोषण स्थिती सुदृढ गर्न पोषण प्रवर्धनको लागी स्वस्थ बच्चा प्रतिस्पर्धा कार्यक्रम सञ्चालन गरीनेछ ।
- बर्थिङ सेन्टरको सुविधा विस्तार गरी मातृशिशु मृत्युदरको अन्त्य गरी मातृशिशुको स्वास्थ्य सुधारका कार्यक्रमहरु संचालन गरिनेछ ।
- गरीव बिरामीसँग मेयर कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- पालुङटार नगरपालिका भित्र मृत्यु भएका मृतकको शव व्यवस्थापनका लागि निशुल्क शव वहानको व्यवस्था गरिनेछ ।
- सरुवा रोग र महामारी नियन्त्रणका लागि खोप व्यवस्थापन र सचेतना कार्यक्रम संचालन गरिनेछ ।
- जेष्ठ नागरिकलाई घर घरमा निशुल्क स्वास्थ्य परीक्षणको व्यवस्थालाई थप व्यवस्थित गरी निरन्तरता दिइनेछ ।

- उप-प्रमुखसँग सुत्केरी पोषण कार्यक्रमलाई निरन्तरता दिईनेछ ।
- गर्भवती महिलालाई प्रसुतिका लागि नगरपालिका भित्रका अस्पताल/ बर्थीङ सेन्टरसम्म पुग्न निःशुल्क एम्बुलेन्सको सुविधालाई निरन्तरता दिइनेछ ।
- गर्भवती महिलाको लागि ग्रामिण अल्ट्रासाउण्ड कार्यक्रमलाई निरन्तरता दिइनेछ।
- अनिवार्य अवकास प्राप्त महिला स्वास्थ्य स्वयं सेविकाहरुलाई अवकास पश्चात प्रोत्साहित गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।
- नेपाल सरकारबाट निशुल्क वितरण गर्ने औषधि हरेक स्वास्थ्य संस्थाबाट सहज रुपमा उपलब्ध हुने व्यवस्था गरिनेछ ।
- सम्पूर्ण नगरवासीहरुलाई स्वास्थ्य बिमामा समेटिने नीति अबलम्बन गरिनेछ ।
- शिक्षण संस्थाहरुमा नियमित रुपमा योग ध्यानको अभ्यास गराउँदै आम जनताको बीचमा पनि योग ध्यान शिविरहरु संचालन गरिनेछ ।
- मनोसामाजिक परामर्श सेवालाई थप प्रभावकारी बनाइनेछ।

## ख) खानेपानी तथा सरसफाई :

यस पालिकामा खानेपानी तथा सरसफाईको अवस्था गत वर्षको भन्दा सुधारोन्मुख देखिएको छ । सबै नगरवासीहरुलाई आधारभूत खानेपानी पूर्वाधारमा पहुच सुनिश्चिता गर्न एक घर एक धारा नीति लिई खानेपानीको सेवा बिस्तार गरिनेछ । पालिका क्षेत्र तथा आसपासका अन्य क्षेत्रमा उपलब्ध खानेपानी तथा जलाधार क्षेत्रहरुको सरक्षण कार्यलाई विशेष ध्यान दिइनेछ ।

- पालुङटार बृहत खानेपानी योजनाको कार्यलाई तिब्रताका साथ अगाडि बढाउन आवश्यक समन्वय गरिनेछ ।

- खानेपानी गुणस्तर परिक्षणका लागि आधुनिक ल्याव सञ्चालन गरिनेछ ।
- खानेपानी उपभोक्ता समितिको हकमा सार्बजनिक लेखापरिक्षणको अनिवार्य व्यवस्था गरिनेछ ।
- जलस्रोतको दीगोपनाका लागि सबै वडाहरुमा एक वार्ड एक पोखरी निर्माणको नीति लिई पोखरी निर्माण गरी सिमसार क्षेत्रको संरक्षण र वृक्षरोपण नीतिलाई अबलम्बन गरिनेछ ।
- फोहोर उत्पादन कम गर्ने तथा पुन प्रयोग गर्न सचेतना कार्यक्रम संचालन गरिनेछ।
- प्लाष्टिकमुक्त नगरपालिका बनाउन आवश्यक पहल गरिनेछ।
- पालुङटार नगरपालिकाको खानेपानी सरसफाई तथा स्वच्छता (WASH) योजना निर्माण गरि कार्यान्वयनमा ल्याईनेछ ।
- स्थानिय स्तरमा उत्सर्जित फोहोर मैलाको संकलन, बर्गिकरणका लागि टोल सुधार समितिसँग समन्वय गरि अनिवार्य रुपमा कुहिने, नकुहिने र सिसाजन्य फोहोरको संकलन र प्रशोधन गर्ने व्यवस्था मिलाईनेछ ।
- खानेपानीका मुहानहरु, खोल्साखोल्सी र नदिनालामा विना प्रशोधन फोहोर विसर्जन कार्यलाई निरुत्साहित गरिनेछ ।
- पालुङटार नगरपालिका भित्र उत्सर्जित फोहोर व्यवस्थापनका लागि संचालन गरिएको गिद्दे खोला फोहोर मैला व्यवस्थापन केन्द्रमा दिशाजन्य फोहोर प्रशोधन (FECAL WASTE TREATEMENT) ईकाइ थप गरि व्यवस्थित रुपमा संचालन गरिनेछ ।

### घ) महिला, बालबालिका, जेष्ठनागरिक, लक्षित वर्ग तथा सामाजिक समावेशीकरणः

अत्यन्त संवेदनशील मानिएको लक्षित वर्ग तथा सामाजिक समावेशीकरण क्षेत्रमा पालुङटार नगरपालिकाको कुल जनसंख्यालाइ हेर्दा करिव ४९.५५ प्रतिशत जनसंख्या महिला रहेको पाइन्छ । लैंगिक हिंसा बिरुद्ध क्रियाशील संयन्त्रहरुलाई प्रभावकारी रुपमा परिचालन गरिनेछ।यस नगरलाई आदिवासी जनजाति, दलित, उत्पीडित समुदाय, अपाङ्गता भएका, एकल महिला, लैगिक विभेद र हिंसामा परेकाहरुको समस्या समाधान गर्न एवं सामाजिक सद्भाव र न्यायपूर्ण समाजको निर्माण गर्न पहल बढाइनेछ ।

- स्थानिय कच्चा पदार्थ (सालको पात, बाँस आदि) को प्रयोगद्वारा निर्माण हुने दुना टपरी, हस्तकला लगायतका सामग्रिहरुको उत्पादनमा वृद्धि गरी घरेलु तथा साना उद्योगको रुपमा विकास गरिनेछ ।
- उत्पादित वस्तुहरुको बजारीकरणको लागि अन्य पालिकाहरुसंग समेत आवश्यक समन्वय गर्ने नीति लिइनेछ ।
- छुवाछुत मुक्त नगरपालिका बनाउन विशेष योजना बनाइनेछ |
- आदिवासी जनजातिको पहिचान सहित स्थानीय समुदायको परम्पारागत ज्ञान, सीप, भाषा, संस्कृति, सामाजिक परम्परा र अनुभवलाई संरक्षण र सम्बर्धन गर्ने नीति लिइनेछ ।
- दलित तथा अपांगता भएकाहरुलाई विविध बिषयमा सीपमुलक तालिमको व्यवस्था गरी क्षमता अभिवृद्धि गरिनेछ ।
- बालश्रम, अपहरण, लागु औषध दुर्व्यसनी बिरुद्ध सचेतना कार्यकमहरु संचालनमा ल्याइनेछ ।
- दलित समुदायका नागरिकलाई रोजगारी, आय, आर्जन तथा जीविकोपार्जनको लागि परम्परागत सीप र ज्ञानलाइ उद्यमशिलतामा रुपान्तरण गरिने नीति लिइनेछ।

- जेष्ठ नागरिकको ज्ञान, सिप र अनुभवलाई नयाँ पुस्ता संग जोड्न **knowledge transfer forum** स्थापना गरिनेछ ।
- लैङ्गिक समानता र सामाजिक समावेशिकरण रणनीतिलाई प्रभावकारी कार्यान्वयनका लागि आचार संहिता निर्माण गरी लागु गरिनेछ ।
- प्रत्येक आर्थिक वर्षमा लैङ्गिक समानता र सामाजिक समावेशिकरण परीक्षण गरिनेछ ।
- नगरपालिका सम्म आउन नसक्ने अपाङ्गता भएका व्यक्तिलाई घरमा नै गएर परिचय पत्र वितरण गर्ने व्यवस्थाको नीतिलाई निरन्तरता दिइनेछ ।
- बालबालिकाको सुरक्षाको योजना **"बालबालिकाको जिम्मा अब पालिकाको"** भन्ने नीति लिइनेछ ।
- गठन भएका नगर तथा वडा स्तरीय बाल क्लव तथा बाल क्लब संजाललाई व्यवस्थित परिचालन गरी समाज रुपान्तरणको आधार तयार गरिनेछ ।
- जेष्ठ नागरिक, अपाङ्गता भएका, एकल महिला आदिलाइ दिइने सामाजिक सुरक्षा भत्ता बैंक मार्फत टोल टोलमा उपलब्ध गराउने व्यवस्था गरिनेछ ।
- जेष्ठ नागरिक मिलन केन्द्रलाई थप व्यवस्थित गरिनेछ ।

## ङ. युवा, खेलकुद, साहित्य, कला, संस्कृति

- नगरपालिका स्तरको युवा संजाल निर्माण गरी युवाहरुको व्यक्तित्व विकासका लागि सबै वडाहरुमा बिभिन्न कार्यक्रमहरु बनाइ लागु गरिनेछ साथै प्रत्येक वडामा एक खेलकुद मैदान निर्माण कार्यलाई तिब्रता दिइनेछ ।
- यूवाहरुको रुची अनुसारको खुल्ला व्यायमशाला, नृत्य प्रशिक्षण केन्द्र आदिको स्थापना तथा संचालन गर्नका लागि आवश्यक ब्यबस्था गरिनेछ ।

❖ नगर भित्रका लेखक, साहित्यकार तथा कलाकारहरुको प्रोत्साहन र विकासका लागि युवा प्रतिभाको खोजि तथा प्रोत्साहन कार्यक्रम संचालन गरिनेछ ।

❖ नगर स्तरीय खेलकुद प्रतियोगिता, राष्ट्रपति रनिङशिल्ड प्रतियोगिता, वडा स्तरीय खेलकुद, बिद्यालय स्तरीय खेलकुद प्रतियोगितालाई थप व्यवस्थित गर्दै व्यापक सहभागिता बृद्धि गर्ने प्रकृतिका कार्यक्रमलाई निरन्तरता दिइनेछ।

❖ युवाहरुको परिचालन मार्फत समाज रुपान्तरणगर्ने युवा लक्षित कार्यक्रमहरु संचालन गरिनेछ |

❖ बिभिन्न जातजाति, रितिरिवाज, धर्म, संस्कृतिकको रक्षा र प्रवर्द्धनलाई जोड दिइनेछ ।

## ३) भौतिक पूर्वाधार विकास

❖ स्थानिय स्रोत साधनको उच्चतम प्रयोग गरी नगर भित्रका सम्पूर्ण सडकहरु संघ र प्रदेश सरकारको समन्वयमा क्रमशः कालोपत्रे, पक्की र सवै मौसममा सञ्चालन गर्न सकिने गरी स्तरोन्नति गरिनेछ ।

❖ साना योजनामा रकम छर्ने, जनताको जीवन स्तरमा दिर्घकालिन रुपमा प्रभाव नपारी तत्काललाई खुसी तुल्याउने प्रकृतिका कार्यक्रमहरुलाई निरुत्साहित गरिनेछ ।

❖ Nature, Culture, Agriculture, Infrastructure को अन्तर सम्बन्धलाई ख्याल गरि उत्थानसिल पूर्वाधार विकास कार्यक्रम संचालन गरिनेछ ।

❖ नगरपालिकाको सुव्यवस्थित विकासको लागि आर्थिक, सामाजिक, भौतिक, शैक्षिक, ऐतिहासिक, पर्यटकीय स्थल लगायतको क्षेत्रलाई समेटर नगर यातायात संचालन गरिनेछ।

- सडकको नियमित मर्मत सम्भार तथा विपद् व्यवस्थापन कार्यको निमित्त र दीगो श्रोत व्यवस्थापनको लागि उपभोक्ता समिति तथा लाभग्राही समूहबाट संचालन गरिने विकास योजनाको स्रोतबाट नै २/२ प्रतिशत मर्मत संभार र विपद व्यवस्थापन कोषका लागि रकम कट्टा गरी सोही रकमवाट सडक मर्मत र विपदमा परेकालाई राहत उपलब्ध गराउने कार्यलाई निरन्तरता दिइनेछ ।
- विकास निर्माणका कामहरु संचालन गर्दा लक्ष्य, उद्देश्य र स्रोत बिनियोजन अनुसार काम भए नभएको हेर्न अनुगमन तथा मूल्यांकनलाइ जोड दिइनेछ ।
- सडकको दाया बायाँ हरियाली प्रवर्द्धन गरी हरित शहरको रुपमा विकास गर्न जोड दिइनेछ ।
- नगर क्षेत्र भित्रका सडकहरुको लागत कट्टा गरी सार्वजनिक बनाउन शुरुवात गरिनेछ ।
- उपभोक्ता समिति मार्फत संचालन गरिने योजनाहरुमा गरिदै आएको २०% जनश्रमदानको प्रावधानलाई यथावत नै रहने गरी योजना संन्चालन गरिने नीति लागु गरिनेछ । **"दिगो विकासको आधार, साझेदारीमा पूर्वाधार"** भन्ने नारालाई आत्मसात गर्दै न्यूनतम ३०% सहलगानी सहितका योजनाहरु सञ्चालन गरिनेछ ।
- बढ्दो भू-क्षय र बाढी पहिरोलाइ न्यूनीकरण गर्न सडक निर्माण, मर्मत र स्तरोन्नति गर्दा कम्तिमा ५% बायो इन्जिनीयरिङको कार्यलाई लागत अनुमानमा नै समावेश गर्ने नीति अबलम्बन गरिनेछ ।
- जलाधार क्षेत्रको कमी भएका सुख्खा क्षेत्रका लागि थोपा सिंचाई, पोखरी निर्माण भूमिगत सिचाँई लगायत अन्य बैकल्पिक प्रविधिको विकास तथा बिस्तार गरी सिंचाई सुबिधाको बिस्तार गरिनेछ ।

- ❖ पालुङटार नगरपालिका स्मार्ट सिटीको अवधारणा लागू भई बिभिन्न कार्यक्रमहरु अधि बढि सकेको हुँदा उक्त कार्यक्रमलाई तीब्रताका साथ कार्यान्वयन गर्नका लागि जोड दिइनेछ ।
- ❖ नगरपालिकाको रिंगरोड, बसपार्क र पालुङटार रंगशालालाई पूर्णता दिइनेछ ।
- ❖ नगरपालिका भित्र जेष्ठ नागरिक बिश्राम घर तथा क्रमशः हरेक वडाका बढी आवतजावत हुने स्थलहरुमा सार्वजनिक शौचालय निर्माण गरिनेछ ।
- ❖ नगर भित्र एक सुबिधा सम्पन्न सभाहल सहितको ब्यबसायिक भवन संचालनमा ल्याईनेछ ।
- ❖ योजना छनौट प्रक्रियामा Bottom up approach को नीति अवलम्बन गरिनेछ।
- ❖ संघ र प्रदेशबाट संचालान गरिने योजनाहरुको अभिलेख राखिनेछ । ति योजनाहरुमा नगरपालिकाको आवश्यकता अनुसार समन्वय संरक्षण र सहकार्यको नीति अपनाईनेछ ।
- ❖ राष्ट्रिय प्रशारण लाइनबाट विधुतीकरण नभएका घरहरुको पहिचान गरि विधुतीकरण गर्ने व्यवस्था मिलाईनेछ।

## ४) वन, वातावरण तथा विपद व्यवस्थापन :

प्राकृतिक स्रोतको संरक्षण, सम्वर्द्धन र उपयोग सम्बन्ध नीति अन्तर्गत प्राकृतिक प्रकोपवाट हुने जोखिम न्यूनिकरण गर्न पूर्व सूचना, तयार, उद्दार, राहत एव पुनर्स्थापना गर्ने प्रावधान अनुरुप नगरपालिकाले विपद जोखिम व्यवस्थापन राष्ट्रिय रणनीति-२०६६, विपद पूर्व तयारी सम्बन्धि अवधारणा अनुरुप विपद जोखिम न्युनिकरण तथा व्यवस्थापनको तयारी गरिएको छ । विपद जोखिम न्यूनीकरणका लागि सबै वडाहरुमा पूर्व सूचना सहित राहत उद्धार तथा व्यवस्थापनको कार्यहरु गरिएको छ । नगरस्तरीय विपद जोखिम व्यवस्थापन समिति क्रियाशील रहेको छ ।

- विपद जोखिमलाई न्यूनिकरण गर्नका लागि नगरपालिका भित्रका सम्भावित जोखिमको नक्साङ्कंन गरि प्रभावकारी योजनाहरु निर्माण गरी प्राथमिकताको आधारमा संघीय र प्रदेश सरकारसंग योजना तथा कार्यक्रमहरु माग गरी कार्यान्वयन गरिनेछ ।
- मनसुनजन्य विपदवाट घरवार बिहिन भएका पीडित परिवारको लागि पुनर्बासको योजना बनाइनेछ ।
- सामुदायिक र कवुलियती वनको व्यवस्थापन कार्ययोजना बनाई कार्यान्वयन गरिनेछ ।
- जैविक विविधता र वन सम्पदाको अभिलेख तयार गरी संरक्षण योजना लागू गरिनेछ ।
- सडक निर्माण तथा प्राकृतिक उत्खनन कार्य गर्दा बातावरण प्रभाव मूल्यांकन गरी वातावरण जोगाउन उचित उपाय अवलम्बन गरिनेछ ।
- कुलो, खोल्सा-खोल्सीहरुमा वृक्षारोपण कार्यलाई प्राथमिकताका साथ बिस्तार गरिनेछ ।
- सिमसार क्षेत्रको उचित संरक्षण नीतिलाई निरन्तरता दिइनेछ ।
- मनसुनजन्य बाढी पहिरोवाट क्षति भई कटान भएका खेति योग्य जमिन संरक्षणको लागि तटबन्धनको ब्यबस्था मिलाइनेछ ।
- वन कार्यालय, गैर सरकारी संघ-संस्थाका कार्यालय तथा अन्य निकायहरुसंगको साझेदारीमा नर्सरी स्थापना गरी बृक्षारोपण कार्यलाई विस्तार गरिनेछ ।
- विपद् व्यवस्थापन सम्बन्धि चेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।
- विपद बाट उत्पन्न हुनसक्ने असहज परिस्थितिको आंकलन गरि जोखिम न्यूनीकरणको लागि नगरपालिकामा Rapid response team को गठन तथा प्रभावकारी परिचालन गरिनेछ ।

- वन तथा वातावरणको विनाशलाई रोकी समग्र पर्यावरणको रक्षा गर्ने र फोहरमैलाको समुचित व्यवस्थापनलाई अझै जोड दिइनेछ ।
- जंगलमा लाग्ने डडेलोलाई मानव सिर्जित विपद ठानी त्यसको रोकथामको लागि सचेतना अभियान संचालन गरिनेछ। साथै डडेलो लागाउनेलाई छानविन गरी कारवाही गर्ने नीति लिइनेछ।
- नगरपालिका भित्रका बन उपभोक्ता समितिहरुलाई सुचिकृत गरी नगरसँग समन्वय गरी काम गर्ने नीति लिइनेछ । त्यस्ता उपभोक्ता समितिहरुलाई डाले घाँस, वाँस, फलफूल, भूइँ घाँस लगाउन आबश्यक प्रशिक्षण दिने व्यवस्था गरिनेछ ।
- जलबायू परिवर्तनबाट सिर्जित समस्यासंग जुध्नको लागि स्थानीय अनुकुलन योजना निर्माण गरि कार्यन्वयन गरिनेछ।
- सामुदायिक वनलाई नेपाल सरकारले तोके बमोजिम करको दायरामा ल्याइनेछ।
- नगर वनको अवधारणालाई अगाडी वढाइनेछ ।

## ५. सुशासन तथा सस्थागत विकास :

- भ्रष्टचार प्रति शून्य सहनशीलताको नीति अपनाउदै प्रशासनिक एबं राजनैतिक क्षेत्रवाट हुने भ्रष्टचार, ढिला सुस्ती र पक्षपातलाइ नियन्त्रण गरी सुशासन कायम गर्न आर्थिक पारदर्शिता, मितव्ययिता आदिमा ध्यान दिदै स्थानीय तहको प्रतिष्ठा बढाउने कार्य गरिनेछ ।

- नागरिक (सेवाग्राही) हरुलाई छिटो छरितो, उत्तरदायी, पारदर्शी सेवाको सुनिश्चितता गरी सुशासन तथा संस्थागत विकास क्षेत्र अन्तर्गतका सेवाहरु सुलभ र गुणस्तरीय बनाइनेछ ।
- कर्मचारीहरुको क्षमता विकास गर्न आवश्यक तालिमको व्यवस्था गरिनेछ ।
- प्रमुख प्रशासकीय अधिकृत, विषयगत शाखाका प्रमुखहरुसंग कार्यसम्पादन करार सम्झौता गरिनेछ ।
- सेवा प्रवाहलाई प्रभावकारी बनाउनका लागि अनलाइन प्रणालीलाई अझ प्रभावकारी बनाइनेछ।
- कर्मचारीलाई उच्च मनोबलका साथ काम गर्नका लागि उपयुक्त बातावरणको सिर्जना गरिनेछ।
- आन्तरिक आय सबल बनाउन राजश्व क्षेत्रमा सुधार गरि करको दायरा फराकिलो बनाइनेछ।
- सार्वजनिक सुनुवाई (Public Audit) र सामाजिक परीक्षणलाइ प्रभावकारी रुपमा अगाडी बढाइनेछ ।
- ज्ञान, सीप तथा प्रविधि हस्तान्तरणका लागि राष्ट्रिय रुपमा विभिन्न क्षेत्रमा योगदान पुऱ्याउनु भएका व्यक्तिहरुको रोष्टर तयार गरिनेछ।
- पालुङटार नगरपालिकालाई महिला मैत्री नगरपालिका वनाउन लैङगिक हिंसा न्यूनीकरण गर्दै पिडीत तथा प्रभावितका लागि संरक्षणात्मक सेवा उपलब्ध गराउन महिलाहरुको क्षमता अभिवृद्धि सम्बन्धि कार्यक्रमको नीति लाई निरन्तरता दिइनेछ ।
- नगरपालिका भित्रको खरिद प्रक्रियालाई पारदर्शी एवम् व्यवस्थित गरिनेछ।

## ६. भूमि व्यवस्थापन

- ❖ पालुङटार नगरपालिका क्षेत्रमा रहेका सार्वजानिक, ऐलानी, सरकारी तथा पर्ति जग्गाहरुको एकीकृत विवरण तयार गरी व्यवस्थित अभिलेखीकरण गरी उपयोगमा ल्याइनेछ।
- ❖ अव्यवस्थित वस्ती तथा भूमिहिनहरुको समस्या समाधानका लागि राष्ट्रिय भूमी आयोगको समन्वयमा आवश्यक काम कार्वाहि सम्पन्न गरिनेछ।
- ❖ सडक क्षेत्रले ओगटेको जमिन प्रचलित कानुन अनुसार सम्बन्धित जग्गाधनिको समन्वयमा लागत कट्टा गर्ने कार्यलाई अझै प्रभावकारी वनाइनेछ।
- ❖ उत्पादन र उत्पादकत्व बढाउन प्रयोजन अनुसार भूमिको प्रयोग गर्ने गरी स्पष्ट कानूनी व्यवस्था गरी भूमिको बैज्ञानिक व्यवस्थापन गरिनेछ।

## ७. सूचना, प्रविधि तथा सञ्चार

- ❖ व्यापारिक बजार क्षेत्र तथा अन्य महत्वपुर्ण सार्वजनिक स्थलहरुमा सिसि क्यामेरा जडान गरी निगरानी गर्ने व्यवस्थालाई निरन्तरता दिइनेछ।
- ❖ पालिका भित्रका सबै सामुदायिक बिद्यालयमा इन्टरनेट सेवा विस्तार गर्ने व्यवस्था मिलाइनेछ।
- ❖ व्यक्तिगत घटना दर्ता प्रणालीलाई अनलाइनबाट दर्ता गर्ने कार्य थालनी भइसकेको हुँदा यसलाई थप प्रभावकारी वनाईनेछ ।
- ❖ नगरपालिकाको तथ्याङ्कहरुलाई डिजिटलाइज गर्ने र डिजिटल प्रोफाइललाई अध्यावधिक गर्दै लगिने निति लिइनेछ ।
- ❖ नगरपालिकाले प्रदान गर्ने सेवाहरुमा सूचना प्रविधिको प्रयोगलाई अझै प्राथमिकतामा राखिनेछ।
- ❖ सञ्चार क्षेत्रमा Fellowship कार्यक्रमलाई अगाडी वढाइनेछ ।

## ८. न्यायिक क्षेत्र

- स्थानीय विवादहरु समाधान/ निरुपण एवम् न्याय सम्पादन प्रक्रिया छिटो छरितो र सहज बनाउनको लागी न्यायिक पदाधिकारीहरुको क्षमता अभिवृद्दि गरी हरेक वडामा स्थापना भएका मेलमिलाप केन्द्रहरुलाई व्यवस्थित बनाई मेलमिलापकर्तालाई प्रभावकारी रुपमा परिचालन गर्ने नीति लिइनेछ ।
- विभिन्न प्रकारका हिंसा पिडितहरुलाई तत्कालिन अवस्थामा प्रदान गर्नु पर्ने सुरक्षा व्यवस्थालाई ध्यानमा राखि सेवा केन्द्र स्थापनाको नीति लिइनेछ।
- आम नगरवासीहरुकको न्यायमा पहुँचको दायरा फराकिलो बनाउन समय समयमा विभिन्न जनचेतना अभिबृद्दि गर्ने कार्यक्रम गरिनेछ।
- विभिन्न किसिमका हिंसा पिडितहरुलाई राहत पुऱ्याउन हिंसा पिडित कोष स्थापना गरिनेछ।

## ९. आन्तरिक आय वृद्धि / कर / राजश्व परिचालन सम्बन्धि नीति

- नदिजन्य वस्तुहरु बालुवा, गिट्टी र ढुंगाका लागि टेन्डर आव्हान गरि करको दायरामा ल्याउने कार्यलाई निरन्तरता दिइनेछ। नगरक्षेत्रका टेलिफोन टावर, केबललाइन, होर्डिङ बोर्डमा कर लगाईनेछ ।
- नगरपालिका भित्र रहेका खोला तथा खनिज पदार्थहरुको सम्भाव्यता अध्ययन गरिनेछ र उर्जा एवं खनिज पदार्थ उत्खनन कार्यलाई अगाडी बढाई आन्तरिक आयस्रोतलाई दिगो बनाईनेछ।
- चालु खर्चलाई मितव्यायी र वाञ्छित सिमा भित्र राखी पुंजीगत खर्चलाई प्राथमिकता प्राप्त क्षेत्रमा समयमै खर्च गर्ने प्रणालीको विकास गरिनेछ ।

- ❖ नगरपालिका भित्र कर प्रणालीलाई प्रविधियुक्त वनाई लागु गरिनेछ । स्वेच्छिक र वढी कर तिर्ने करदातालाई सम्मान गर्ने परिपाटीको विकास गरिनेछ ।
- ❖ घरबहाल दिने घरधनिहरुलाई करको दायरामा ल्याउनका लागि **घरबहाल कर निर्देशिका** तयार गरि लागु गरिनेछ ।

## १०. मानव संशाधन सम्बन्धि नीति

- ❖ नगरपालिका कार्यालय, वडा कार्यालय र विषयगत शाखा कार्यलयहरुको कर्मचारीहरुमा **chain of command**, सेवाग्राही प्रति उत्तरदायी र कर्मचारी आचारसंहिता निर्माण गरि सदाचार पद्धति र आत्माअनुशासन लागु गरिनेछ । जनप्रतिनिधिको क्षमता विकासलाई विशेष कार्यक्रम संचालन गरिनेछ ।
- ❖ नगरभित्र कार्यरत सबै कर्मचारीहरुको व्यवस्थित सरुवा प्रणालीको नीतिगत प्रबन्ध मिलाइनेछ।कर्मचारीको सरुवालाई दण्डको रुपमा नबुझी वडा तथा शाखागत दुवैकार्यको अनुभव लिने, जनमुखी सेवा प्रवाह गर्ने अवसरको रुपमा ग्रहण गर्न नीतिगत प्रबन्ध विकास र कर्मचारी उत्प्रेरणा अभिवृद्दिका कार्यक्रम ल्याइनेछ ।

## ११. संगठन विकास तथा कार्यालय व्यवस्थापन

- ❖ नगर स्थापना दिवस मङ्सिर १६ लाई विशेष उल्लासका साथ मनाइनेछ | सोहि अवसरमा वर्षभरि उत्कृष्ट कार्य गर्ने कर्मचारी, शिक्षक, स्वास्थ्य कर्मी, उपभोक्ता समिति, निर्माण व्यवसायी, करदाता, संचारकर्मी, कृषक, टोल विकास संस्था र नमुना उद्यमीलाई सम्मान गर्ने नीति अबलम्बन गरिनेछ ।
- ❖ संघीय सरकार, प्रदेश सरकार र स्थानीय ऐन नियमानुसार नगर कार्यपालिकालाई आवश्यक स्रोतको व्यवस्था हेरी संगठन संरचना, दरबन्दी

सिर्जना गर्न organization development (OD) अध्ययनको आधारमा पदपूर्ति गरिनेछ । अत्यावश्यक वाहेक नगरपालिकालाई आर्थिक दायित्व थप गर्ने गरि जनशक्ति थप गरिनेछैन ।

- सरकारी र सार्वजनिक निकाय लगायत सबै क्षेत्रमा सदाचार सस्कृतिको अवलम्बन गरिनेछ । **"म भ्रष्टाचार गर्दिन र गर्न पनि दिन्न, जनताका लागि इमन्दार भएर काम गर्नेछु"** भन्ने प्रतिज्ञा सहितको सुशासन कार्य सँस्कृतिको प्रवर्द्धन गरिनेछ।भ्रष्टाचार रोकथाम तथा नियन्त्रणलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।

**सम्पूर्ण नगर सभा सदस्यज्यूहरु,**

**अन्त्यमा,**

राजनीतिक, सामाजिक तथा आर्थिक उपलब्धिलाई संरक्षण गर्दै थप उन्नत वनाउन यस नगरपालिकाको हित, गौरव, सम्मान, स्वाभिमान वृद्धि गर्ने र सवै संगको सम्बन्धलाई सुदृढ गर्ने, विभिन्न प्रतिकुल परिस्थितिबाट प्रभावित सामाजिक तथा आर्थिक क्षेत्रलाई पुनर्जीवन दिई विकास निर्माणलाई तिब्रता दिई स्मार्ट नगरपालिका बनाउने अठोटका साथ आ.ब ०८१/८२ को नीति तथा कार्यक्रम प्रस्ताव गरेको छु ।

चालु आर्थिक वर्षको कार्यक्रम संचालन तथा आगामी आर्थिक वर्षको लागि प्रस्तावित नीति, कार्यक्रम तथा बजेटमा सम्मानित सदस्यज्यूहरुको सुझावहरुको अपेक्षा गर्दछु । नीति, कार्यक्रम र बजेटको तयारी देखि छलफल गरी रचनात्मक सुझाव दिनुहुने सम्पूर्ण राजनीतिक दल, विज्ञ महानुभावहरु लगायत विशिष्ट व्यक्ति/ व्यक्तित्वहरु, कर्मचारीहरु, पत्रकार लगायत सवैमा हार्दिक धन्यबाद ज्ञापन गर्दछु । यस नीति र कार्यक्रमलाई अझ वस्तुनिष्ठ बनाएर आवश्यक परिमार्जन सहित पारित गरिदिनु हुनेछ भनी सम्पूर्ण नगर सभा सदस्यज्यूहरुसंग हार्दिक अनुरोध गर्दछु ।

**अभिवादन सहित धन्यवाद !**